# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड ३) संख्या ४७ स्थानीय राजपत्र भाग २ मिति २०७६।०७।१८


# स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६

प्रस्तावना :

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र मन्त्रि परिषदबाट स्वीकृत कार्य बिस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आमनागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी बहन गर्ने प्रयोजनको लागि सरकारी, निजी, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य सेवा बिस्तार, स्तरबृद्धि, स्वास्थ्य सेवा संचालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल सहज ब्यबस्थित तथा प्रभावकारी बनाई यस घोराही उप-महानगरपालिका क्षेत्रभित्र जन स्वास्थ्य सेवा संचालन गर्न बान्छनीय भएकोले घोराही उप-महानगरपालिकाको नगरसभाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम 'स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, नवीकरण सम्बन्धी निर्देशिका, २०७६' रहेको छ ।

**२. परिभाषा र व्याख्या :**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) 'अनुगमन समिति' भन्नाले घोराही उप-महानगरपालिकाले गठन गर्ने अनुसूची- १ बमोजिमको समिति सम्झनु पर्दछ ।

ख) 'अनुमति प्रदान गर्ने निकाय' भन्नाले दफा ३ मा उल्लेखित घोराही उप-महानगरपालिका सम्झनु पर्दछ

ग) 'मन्त्रालय' भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ ।

घ) 'प्रादेशिक स्वास्थ्य संरचना' भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय वा बिभाग सम्झनु पर्दछ

ङ) 'अस्पताल' भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित सरकारी अस्पताल सम्झनु पर्दछ ।

च) 'आयुर्बेद अस्पताल' भन्नाले आयुर्बेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्दछ र सो शब्दले आयुर्बेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी संचालन गरिएका नर्सिङहोम, पोलिक्लिनिक, पन्चकर्म अस्पताल समेतलाई जनाउँछ ।

छ) 'गैरसरकारी अस्पताल' भन्नाले मुनाफारहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानुन बमोजिम दर्ता भई स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्दछ ।

ज) 'डाईग्नोस्टिक सेन्टर' भन्नाले निदानात्मक सेवाहरु जस्तैः प्रयोगशाला सेवा, रेडियोईमेजिङ्ग जस्ता सेवाहरु प्रदान गर्न कानुन बमोजिम दर्ता भई स्वास्थ्य सेवा संचालन गर्नेसंस्थालाई सम्झनु पर्दछ ।

झ) 'निजी अस्पताल वा नर्सिङहोम' भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङहोम सम्झनु पर्दछ ।

ञ) 'पोलि क्लिनिक' भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा ५ वटा सेवा जस्तै बहिरंग सेवा, प्रयोगशाला, रेडियोईमेजिङ्ग, फिजियोथेरापि, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्दछ ।

ट) 'कन्सल्टेन्ट' भन्नाले सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि वा डिप्लोमा प्राप्त गरेका वा तोकिए बमोजिमको विशेषज्ञ तालिम प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सक सम्झनु पर्दछ ।

ठ) 'सरकारी अस्पताल' भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्दछ ।

स्पष्टिकरण : यस खण्डको प्रयोजनको लागि 'आंशिक स्वामित्व' भन्नाले नेपाल सरकारको कम्तिमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनु पर्दछ ।

ड) 'सहकारी अस्पताल' भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्दछ ।

ढ) 'सामुदायिक अस्पताल' भन्नाले सम्बन्धित निकायमा दर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा संचालन हुने गरी मुनाफारहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल संम्झनु पर्दछ ।

ण) 'स्वास्थ्य क्लिनिक' भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट ५

वटा भन्दा कम सेवा जस्तै बहिरंग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ, फिजियोथेरापि, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्दछ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउँछ ।

त) 'स्वास्थ्य संस्था' भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल, पोलि क्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु संचालन गर्ने संस्था सम्झनु पर्दछ र सो शब्दले आयुर्बेद अस्पताल समेतलाई जनाउँछ ।

थ) 'संस्था दर्ता गर्ने निकाय' भन्नाले यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा संचालन अनुमति लिनुपूर्ब प्रचलित कानुन बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनु पर्दछ ।

द) 'गैरसरकारी अस्पताल' भन्नाले मुनाफारहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानुन बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्दछ ।

ध) 'भवनसंहिता' भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा २ बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवनसंहिता सम्झनु पर्दछ ।

न) 'भवन निर्माण मापदण्ड' भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्दछ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा अनुसूची-२ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

## परिच्छेद २

## स्वास्थ्य सेवा सन्चालन अनुमति प्रक्रिया

**३. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायहरु :**

(१) देहाय बमोजिमका स्वास्थ्यको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न देहायका निकायले अनुमति दिन सक्नेछ :

(क) स्वास्थ्य क्लिनिक, डाईग्नोष्टिक सेन्टर, पोलि क्लिनिक तथा पच्चीस शैयासम्मका जनरल अस्पतालका लागि  घोराही उप-महानगरपालिकाको निर्णय अनुसार ।

(ख) आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शैयासम्मका अस्पतालका लागि घोराही उप-महानगरपालिकाको कार्यपालिकाको निर्णय अनुसार ।

(ग) पच्चीस शैयादेखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नको लागि घोराही उप-महानगरपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट ।

(घ) घोराही उप-महानगरपालिकाको कार्यपालिकामा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नति भए पछि सोको विवरण तोकिएको ढाँचामा प्रादेशिक स्वास्थ्य कार्यालयलाई दिनु पर्नेछ ।

**४. पूर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनुपर्ने :**

(१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्न प्रयोजनका लागि अनुसूची- ३ बमोजिमका ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा घोराही उप-महानगरपालिकाले निवेदन प्राप्त भएको पन्ध्र कार्य दिनभित्र देहायका विवरणहरु परीक्षण प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ :

क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यवसायिक कार्य योजना,

ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

घ) प्रस्ताविक स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या र जनघनत्व,

ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुऱ्याउने थप योगदान,

(३) अनुगमन समितिले उपदफा (२) मा उल्लेखित विषयहरुको विश्लेषण गरी स्पष्ट रायसहितको प्रतिवेदन तीस कार्य दिनभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा ३ बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र कार्य दिनभित्र अनुमति प्रदान गर्न घोराही उप-महानगरपालिकाले बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र प्रदान गर्न सक्नेछ ।

(५) उपदफा ४ बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा अनुमति प्रदान गर्न घोराही उप-महानगरपालिकाले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।

**५. सञ्चालन अनुमति दिन सकिने :**

(१) दफा ४ बमोजिमको पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरासहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने अवश्यक कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।

तर, स्वास्थ्य क्लिनिक, रेडियो ईमेजिङ सेवा तथा पोलि क्लिनिक स्थापना

तथा सञ्चालन अनुमतिका लागि अनुसूची-५ बमोजिमका ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त गरेको मितिले सात दिनभित्र अनुगमन समिति खटाउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र कार्य दिनभित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको रायसहितको प्रतिवेदन अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस निर्देशिकामा उल्लेखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई अनुमति प्रदान गर्ने निकायले पाँच वर्षका लागि स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा ३ बमोजिम अनुगमन समितिको प्रतिबेदन प्राप्त भएको मितिले सात कार्य दिनभित्र निर्णय गरी सक्नु पर्नेछ र सो को जानकारी सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

(६) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा ५ बमोजिम अनुमतिका लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसूची-६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रक्रिया पूरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(७) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई अनुमतिको लागि निवेदन दिएका स्वास्थ्य संस्थाले अनुसूची- ६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त तीन गुणा बढी दस्तुर बुझाएमा एक पटकको लागि निर्देशिका बमोजिमको प्रक्रिया पूरा सञ्चालन अनुमति दिन सकिनेछ ।

(८) उपदफा २, ३ र ५ बमोजिम तोकिएको म्यादभित्र अनुमति प्रदान गर्ने निकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुर गर्न सक्नेछ । यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित माथिल्लो निकायले उपदफा २, ३ र ५ मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई संचालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ ।

**६. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्ने :**

स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा घोराही उप-महानगरपालिकाले यस निर्देशिका बमोजिमका प्रक्रिया पूरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

**७. पुनःअनुमति प्राप्त गर्न निवेदन दिनुपर्ने :**

(१) यो निर्देशिका प्रारम्भ हुँदाको बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस निर्देशिकाको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन प्रयोजनका लागि यो निर्देशिका प्रारम्भ भएपछि तोकिएको अवधिभित्र पूर्वाधार तयारी योजना (भवन प्रवलीकरण वा नयाँ निर्माण योजना) सहित सम्बन्धित अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त हुन आएमा घोराही उप-महानगरपालिकाले त्यस्ता स्वास्थ्य संस्थालाई यस निर्देशिका बमोजिम तोकेको पूर्वाधार पूरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक वर्षको समयावधि दिन सक्नेछ ।

(३) उपदफा २ बमोजिम समयावधि थप भएका स्वास्थ्य संस्थाले प्रत्येक छ/छ महिनामा प्रगति प्रतिवेदन सम्बन्धित गर्नका लागि एक वर्षको समयावधि दिन सक्नेछ ।

(४) प्रबलीकरण हुने अस्पताल वा नयाँ निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिइरहेको स्वास्थ्य संस्थाले निर्माण अवधिभरका लागि भवनको कारण वा अस्पतालको औजार उपकरणले हुन सक्ने दुर्घटनाको

लागि शैया क्षमता बराबरका संख्यामा प्रति व्यक्ति पचास हजार रुपैयाँ बराबरका सामूहिक दुर्घटना बिमाको व्यवस्था गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमका प्रक्रिया पूरा गरेका स्वास्थ्य संस्थालाई दफा ५ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।

(६) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा निर्धारित अवधिभित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति घोराही उप-महानगरपालिकाले रद्द गर्नेछ ।

**८. अनुमति दस्तुर बुझाउनु पर्ने :**

स्वास्थ्य संस्थाको स्थापना सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची-६ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर प्रदान गर्ने निकायलाई बुझाउनु पर्नेछ ।

**९. नवीकरण गराउनु पर्ने :**

(१) यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष नवीकरणका लागि निवेदन दिनु पर्नेछ । अनुमति प्रदान गर्ने निकायले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र आवश्यक जाँचबुझ गरी नवीकरण गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएमा घोराही उप-महानगरपालिकाले अनुसूची-६ मा उल्लेख भए बमोजिमको दस्तुर लिई तीन वर्षको लागि स्वास्थ्य संस्थालाई सेवा संचालन अनुमतिको नवीकरण गरिदिन सक्नेछ । तर यो निर्देशिका प्रारम्भ हुनअघि यो स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यो निर्देशिका बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरेसम्म तीन वर्षमा नबढाई प्रत्येक वर्षका लागि अनुमति नवीकरण गरी दिन सक्नेछ (३) उपदफा १ बमोजिमका अवधिभित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिनाभित्र

पेश गरेमा दोब्बर नवीकरण दस्तुर लिई घोराही उप-महानगरपालिकाले सेवा सञ्चालन अनुमति नवीकरण गरी दिन सक्नेछ ।

(४) उपदफा २ वा ३ बमोजिमको अवधिभित्र नवीकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुनेछ र सो को जानकारी प्रादेशिक स्वास्थ्य कार्यालयमा समेत दिनु पर्नेछ ।

(५) उपदफा ४ मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि यो उपदफा प्रारम्भ हुँदाका बखतसम्म अनुमति नवीकरण नगरेका स्वास्थ्य संस्थाले तोकिएको समयभित्र अनुमतिका लागि निवेदन दिएमा अनुसूची-६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी नवीकरण दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो अनुमति नवीकरण गरिदिन सक्नेछ ।

**१०. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था :**

(१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लेखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष परीक्षण (स्वःमूल्यांकन) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष अनिवार्य पेश गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न घोराही उप-महानगरपालिकाले निर्देशन दिन सक्नेछ ।

(३) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि घोराही उप-महानगरपालिकाले प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयले आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमूना छनोट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि प्रादेशिक

स्वास्थ्य संरचना तथा मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्न सक्नेछ ।

(५) उपदफा ३ वा ४ बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको लागि म्याद दिई सुधारको मौका दिन सक्नेछ ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस निर्देशिका बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरी आएको सेवा पूर्ण वा आंशिकरुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा ६ बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिको सफाई पेश गर्न मौका दिनु पर्नेछ ।

(८) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि अन्य प्रचलित कानुन बमोजिम गरिने अनुगमनलाई या व्यवस्थाले सीमित गर्नेछैन ।

(९) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिने प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाइने छ ।

**११. निवेदन दिन सक्ने :**

(१) दफा १० को उपदफा (७) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको

मितिले पन्ध्र दिनभित्र चित्त नबुझ्ने स्पष्ट आधार र कारणसहित पुनरावलोकनको लागि प्रादेशिक स्वास्थ्य संरचना समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त भएको निवेदन उपर घोराही उप-महानगरपालिकाले प्रतिक्रिया समेत लिई प्रादेशिक स्वास्थ्य कार्यालयले छानविन गरी यथाशीघ्र निर्णय गर्नेछ र सो सम्बन्धमा प्रादेशिक स्वास्थ्य संरचनाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१२. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने :**

स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालन रहेका एकभन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा घोराही उप-महानगरपालिका समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्तरुपमा निवेदन दिन सक्नेछ ।

**१३. अनुमति खारेजी तथा कारवाही सम्बन्धी व्यवस्था :**

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि घोराही उप-महानगरपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्नको लागि एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा ९ को उपदफा ५ बमोजिम अवधिभित्र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ ।

## परिच्छेद- ३

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

**१४. स्वास्थ्य सेवा सञ्चालन :**

(१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुँदैन ।

(२) कसैले निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन

गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्था आवश्यक कानुनी कारबाहीको लागि गृह मन्त्रालयमार्फत वा सौझै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनेछ र त्यस्ता संस्थाका सञ्चालक भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफ्नो उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्न घोराही उप-महानगरपालिकाबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ

(क) आकस्मिक सेवा

(ख) बहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो इमेजिङ आदि)

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञ सेवा,

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पताल व्यवस्थापन,

(ढ) वातावरण व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहोरमैला व्यवस्थापन ।

**१५. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड :**

(१) स्वास्थ्य संस्थाले दफा ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछ ।

क) बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता,

विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेका मापदण्ड बमोजिमको संक्रमण नियन्त्रण (infection prevention) को व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

ग) स्वास्थ्य संस्थाले विभिन्न इकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागु गर्नु पर्नेछ ।

घ) स्वास्थ्य संस्थाले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका दिन र बार खुल्ने गरी सबैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ ।

ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ ।

ज) अस्पताल परिसर तथा सेवा लिने कक्षहरु नियमितरुपमा सफा सुग्घर राखिएको हुनुपर्नेछ ।

झ) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको बिरामी वडापत्र (Patient Charter) अस्पतालमा नेपाल सरकारले अनुसूची-७ ढाँचामा तयार गरी सबैले देख्ने गरी राख्नु पर्नेछ र सोही अनुरुपको सेवाको सुनिश्चितता गर्नुपर्नेछ ।

ठ) अस्पताल आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था सेवाग्राहीलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुनुपर्छ ।

ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनुपर्नेछ ।

ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्तसम्बन्धी विनियम बनाएको हुनुपर्नेछ ।

ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।

त) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्नेछ ।

थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्नेछ र सोको विवरण अनुसूची-८ बमोजिमको ढाँचामा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

द) आकस्मिक विभागबाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, बिरामीको रेफरल प्रक्रिया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनु पर्नेछ र सोको व्यहोरा बमोजिमको ढाँचामा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेबारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

न) खण्ड (घ) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सोको प्रतिवेदन घोराही उप-महानगरपालिकामा नियमित रुपमा पठाउनु पर्नेछ ।

प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाका व्यवस्था हुनुपर्ने र आवश्यक मात्रामा शैया छुट्याउनु पर्नेछ ।

फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवनसंहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धित मापदण्ड अनुरुप हुनु पर्नेछ ।

ब) अस्पतालले विपद व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सो को जानकारी घोराही उप-महानगरपालिका र जिल्ला समन्वय समितिमा दिनु पर्नेछ ।

भ) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ ।

## परिच्छेद- ४
## अस्पताल सम्बन्धी मापदण्डहरु

१६. अस्पताल सम्बन्धी मापदण्डहरु स्वास्थ्य संस्था, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

## परिच्छेद- ५
## मानव संशाधन व्यवस्थापन

**१७. जनशक्ति विकास योजना :**

अस्पतालको शैया क्षमताका आधारमा देहाय बमोजिमका न्युनतम जनशक्तिको व्यवस्था हुनु पर्नेछ :

क) प्रति पच्चीस शैयाका लागि एक जना एम.डी.जी.पि. चिकित्सक हुनु पर्नेछ । तर एम.डी.जी.पि. चिकित्सक नपाइने अवस्थामा पच्चीस शैयाका अस्पतालमा प्रसूती तथा स्त्री रोग विशेषज्ञ र बाल रोग विशेषज्ञ ।

ख) शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैया कम्तिमा एक जना शल्य चिकित्सक, एक जना एनेस्थेटिक्स, एक जना इन्चार्ज, एक जना शल्यक्रिया सहायक र एक जना नर्स ।

ग) जनरल कक्षमा (General ward) प्रति चारदेखि छ शैयामा एकजना स्टाफ नर्सको व्यवस्था भएको ।

घ) इमर्जेन्सी तथा पोष्ट अपरेटिभ कक्ष (Post Operative Ward) मा प्रति दुई शैयामा एकजना नर्स ।

ङ) सघन उपचार कक्ष (ICU, NICU,CCU) मा प्रति शैयामा एकजना स्टाफ नर्सको व्यवस्था ।

च) प्रसूती कक्षका लेवर वेडमा प्रति वेड दुई S.B.A. (Skill birth Attendants) तालिम प्राप्त नर्स वा मिडवाईफको व्यवस्था ।

छ) अस्पतालमा कम्तिमा एकजना मेडिकल रेकर्डर ।

ज) अस्पतालमा चौबिसै घण्टा सेवा उपलब्ध गराउने गरी फर्मासिष्ट लगायत आवश्यक संख्यामा जनशक्तिको व्यवस्था ।

झ) अस्पतालमा कम्तिमा दुई तिहाई पूर्णकालीन स्वास्थ्यकर्मी ।

ञ) सरकारी स्वास्थ्यकर्मीहरुबाट सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित निकायको स्वीकृत पत्र ।

ट) हरेक स्वास्थ्यकर्मीले सम्बन्धित व्यवसायिक काउन्सिलबाट दर्ता भएको ।

ठ) विदेशी स्वास्थ्यकर्मी वा स्वयंसेवक मन्त्रालयको सिफारिसमा सम्बन्धित काउन्सिलबाट स्वीकृत भएको ।

**१८. जनशक्ति सम्बन्धी बिस्तृत विवरण :**

जनशक्ति सम्बन्धी विस्तृत विवरण स्वास्थ्य संस्था स्थापना सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

## परिच्छेद- ६

## औजार तथा उपकरणहरु

१९. औजार तथा उपकरणसम्बन्धी बिस्तृत विवरण स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

## परिच्छेद- ७

## सेवा सम्बन्धी व्यवस्था

**२०. विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरु :**

विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरु स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका,

२०७० बमोजिम हुनेछ ।

**२१. स्वास्थ्य क्लिनिक/पोलिक्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु :**

(१) स्वास्थ्य क्लिनिक/पोलि क्लिनिकमा स्वास्थ्य संस्था जाँच गर्न चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट : MBBS वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञान प्रमाणपत्र तह उत्तिर्ण गरी परामर्श सेवा तालिम प्राप्त हुनु पर्नेछ ।

(३) पोलि क्लिनिकमा रेडियोलोजी इमेजिङ सेवा, प्रयोगशाला तथा औषधि उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा निर्धारित पूर्वाधार पूरा गर्नु पर्नेछ ।

(४) स्वास्थ्य क्लिनिक/पोलि क्लिनिकमा स्वास्थ्य सेवा सञ्चालनका लाग देहाय बमोजिमका आवश्यक न्युनतम भौतिक सुविधाहरु हुनुपर्नेछ :

क) बिरामी जाँच गर्ने Ventilated वा AC कोठा सेवा अनुसारको छुट्टाछुट्टै हुनुपर्ने (कम्तिमा १४ वर्ग मिटरको) १

ख) बिरामी बस्ने ठाउँ प्रतीक्षालय- १

ग) बिरामी जाँच्ने टेबुल- १

घ) चिकित्सकको लागि टेबुल- १

ङ) चिकित्सकका लागि कुर्सी- १

च) बिरामी बस्ने टुल- १

छ) शौचालयको व्यवस्था (अपाङ्ग सहित)- १

ज) टेलिफोन, इन्टरनेट र वेव पेज- १

झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामाग्री- १

ञ) स्वच्छ पानीको आपूर्ति

ट) निरन्तर विद्युत आपूर्ति

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नुपर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्युटरमा रजिष्टर गर्नुपर्ने छ ।

(७) क्लिनिकमा  प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नुपर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने सम्पूर्ण कर्मचारीको योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै  प्राविधिक कर्मचारीहरुका सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि राख्नु पर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(१०) नगरपालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन घोराही उप-महानगरपालिकामा पठाउनु पर्नेछ ।

**२२. रेडियोलोजी वा डाईग्नोष्टि एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु :**

(१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियालोजी वा डाईग्नोष्टिक सेवा अन्तर्गत देहायका प्रविधिहरु समावेश गरिएको छ ।

**X-ray(300 mA )**
**Ultrasonogram (USG)**

(२) उपदफा १ मा उल्लेख गरिएको बाहेक थप प्रविधिको लागि माग भएमा पालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृत दिनेछ ।

(३) रेडियोलोजी तथा इमेजिङ सेवाबाट पर्ने विकीरणका दुष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिने छ :

**क) एक्सरेका लागि :**

१) एउटा एक्सरे मेसिनका लागि कम्तिमा २२५ स्क्वायर फिटको कोठा हुनुपर्ने ।

२) एक्सरे गर्ने कोठाका wall Thickness (क) ९ ईन्च with plaster of paris वा (ख) ६ inch with 20 mm lead barrier वा (ग) २.० एम.एम. lead thickness हुनु पर्ने । साथै झ्याल, ढोका तथा भित्ताबाट हुने विकीरणका चुहावट हुन सक्ने गरी आवश्यक व्यवस्था भएको हुनुपर्ने ।

३) X-ray सेवा प्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठा भित्र ०.५ mm को एप्रोन तथा radiation protective measures का व्यवस्था हुनुपर्ने ।

४) Radiology मा कार्यरत कर्मचारीका लागि radiation dose monitor उपलब्ध हुनु पर्दछ र समय समयमा radiation Survey Monitoring गर्नुपर्ने ।

५) Eye, Gonadal,Thyroid Gland आदिका Protection को लागि Lead glass/gloves/lead apron को व्यवस्था हुनुपर्ने ।

६) X-ray एक्सपोज गर्ने कोठा डार्करुम र प्रतीक्षा गर्ने कक्ष छुट्टाछुट्टै हुनुपर्ने ।

७) Radiology विभागमा जनसाधारणले देख्ने ठाउँमा X-ray विकीरणले स्वास्थयमा खराब असर पर्न सक्छ भन्ने बारे सूचना गर्ने । साथै सूचनामा गर्भवती महिला तथा बालबालिकालाई अनावश्यक विकीरणबाट बच्न अनुरोध गर्ने ।

**ख) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता :**

रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनु पर्नेछ :

१) रेडियोलोजिष्ट : मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उत्तिर्ण गरी रेडियोलोजी विषयमा एम.डी.एम. आर.डी, एम.आर.सी.आर. वा सो सरह कोर्ष उत्तिर्ण गरेको हुनुपर्नेछ ।

२) रेडियोलोजी एण्ड इमेजिङ्का रिपोर्टिङ रेडियोलोजिष्टहरुले मात्र गर्न पाउनको साथै Radiological Intervational Procedure हरु पनि यथासम्भव रेडियोलोजिष्टहरुले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति वा योग्यता निम्न बमोजिम हुनु पर्नेछ :

क) Medical Physicist:- Medical Physics विषयमा Bsc वा Msc उत्तिर्ण गरेको हुनुपर्ने ।

ख) बायोमेडिकल इञ्जिनियर : बायोमेडिकल इञ्जिनियरिङ विषमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तिर्ण गरेको हुनु पर्नेछ ।

**ग) सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट :**

सम्बन्धित विषयमा Msc. Radiography गरी कम्तिमा स्नातक तहमा ३ वर्ष काम गरेका हुनुपर्छ ।

**घ) रेडियोग्राफिक अधिकृत (रेडियोग्राफिक टेकनोलोजिष्ट) :**

चिकित्सा शास्त्र अध्ययन संस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थान यस रेडियोग्राफिक विषयमा (Bsc.MIT, Bsc RT) स्नातक तह उत्तिर्ण गरेको हुनुपर्ने । साथै स्वास्थ्य व्यवसायी परिषद् (Nepal

Health Professional Council) मा दर्ता हुनुपर्ने ।

ङ) **रेडियोग्राफर** : चिकित्सा शास्त्र अध्ययन संस्थाबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तिर्ण गरेको हुनुपर्ने ।

ग) RadiationMeasurement and Protection सम्बन्धी व्यवस्था : RadiationProtection व्यवस्थित गर्न र X-rayunit हरुको गुणस्तर नाप गर्नेलाई चाहिने उपकरण खरीद गरी स्वास्थ्य मन्त्रालयले तोकेको निकायमा राख्ने र अनुगमन तथा निरीक्षणमा प्रयोग गर्ने र गुणस्तर, Dose monitor गर्ने । विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार कुनै काम गर्ने व्यक्तिमा radiation का dose 20 Milisievert per Year (WHO) को सन् 2002 को मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपूर्तिको व्यवस्था सम्बन्धित संस्थाले मिलाउनु पर्नेछ ।

घ) Ultrasonogram (USG) : Ultrasonogram (USG) को प्रयोग सम्बन्धमा रेडियोलिजिष्टहरु बाहेक आफ्नो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तिमा ३ महिनाको (USG) तालिम प्राप्त गरेको स्त्री तथा प्रसूती रोग सम्बन्धी विशेषज्ञहरुले गर्न पाउने छन् । सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्न बमोजिमका उपकरणहरुका व्यवस्था हुनु पर्नेछ ।

१) इमर्जेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणहरुको व्यवस्था हुनुपर्ने ।

२) स्ट्रेचर, ह्वील चियरको व्यवस्था हुनुपर्ने ।

३) शौचालयको राम्रो व्यवस्था हुनुपर्ने ।

४) रेकर्डिङ तथा रिपेर्टिङका लागि छुट्टै कोठाको व्यवस्था हुनुपर्ने ।

५) वैकल्पिक विद्युतका लागि जेनेरेटरको व्यवस्था हुनुपर्ने ।

६) बिरामीका लागि र बिरामी करुवा बस्नको लागि कोठा लगायत बेञ्चको व्यवस्था हुनुपर्ने ।

७) स्टोर, रिपोर्ट डिस्ट्रिब्युशनका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था हुनुपर्ने ।

८) Medical Equipment repair & maintenance गर्दा वायोमेडिकल इञ्जिनियर वा रेडियोलोजिकल उपकरण सम्बन्धी विशेष तालिम प्राप्त व्यक्ति हुनुपर्ने ।

९) विकीरण क्षेत्रमा काम गर्नेलाई अनिवार्य रुपमा रेडियशन भत्ताको व्यवस्था हुनुपर्ने ।

ङ) रेडियोलोजी सेवाको लागि न्यूनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरु :

| सि.नं. | विवरण | क्लिनिक | २५ शैया |
|---|---|---|---|
| १ | एक्सरे मेसिन | १०० एम ए-१ | ३०० एम ए-१ |
| २ | एक्सरे मेसिन पोर्टेवल मोबाईल | स्वेच्छिक | १०० एम ए-१ |
| ३ | अल्ट्रासाउन्ड मेसिन | स्वेच्छिक | स्वेच्छिक |
| ४ | जनशक्ति रेडियोलोजिष्ट | आकस्मीक समय | आकस्मीक समय |
| | सिनियर रेडियोग्राफिक टेक्नोलोजिस्ट | - | - |
| | रेडियोग्राफिक अधिकृत | १ | १ |
| | रेडियोग्राफर | दुई | दुई |
| | रेडियोग्राफिक अधिकृत | एक | एक |

च) स्वास्थ्य मन्त्रालयको स्वीकृत विना Radiology सम्बन्धी मेसिन नेपालमा पैठारी गर्न पाइने छैन ।

**२३. प्रयोगशाला सेवा :**

(१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनु पर्नेछ :

क) **जनरल प्याथोलोजी** : योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उत्तिर्ण गरी MD Path, MRC Path, DCP वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

ख) **माइक्रोबायोलोजी** : योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Micsrobiology उपाधि प्राप्त ।

ग) **हेमाटोलोजी** : योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट MDhematology उपाधि प्राप्त ।

घ) **MD Biochemistry :** योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry उपाधि प्राप्त ।

ङ) **मेडिकल ल्याव टेक्नोलोजी** : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक BMLT उपाधि प्राप्त ।

गर्न पाउने परीक्षणहरु : Histomathology, Cytopathology and Bone marrow Study बाहेकका सबै परीक्षणहरु

च) **विशेषज्ञ मेडिकल ल्याव टेक्नोलोजिष्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातकोत्तर उपाधि MMLT प्राप्त ।

MMLT/M.Sc. Microbilogy, MMLT/M.Sc. Haematology, MMLT/M.Sc. Biochemistry, MMLT/M.Sc. Cytology गरेकाहरुले जुन विषयमा आफूले उपाधि प्राप्त गरेको छ सोही विषयमा मात्र प्रयोगशाला सञ्चालन गरी विशेषज्ञ सेवा प्रदान गर्न पाउने छन् ।

छ) **ल्याव टेक्निसियन** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

ज) **ल्याव असिष्टेन्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एक वर्ष वा १५ महिनाको ल्या.अ. तालिम पूरा गरी प्रमाणपत्र प्राप्त गरेको ।

गर्न पाउने परीक्षणहरु : २५ शैयासम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी आधारभूत परीक्षणहरु ।

नोट : माथि उल्लेखित जनशक्तिहरुले योग्यता हासिल गरेको विषयको पाठ्यक्रमका उल्लेखित सम्बन्धित परीक्षण गर्न पाउने ।

(२) उपदफा (१) मा उल्लेखित जनशक्तिले आफूले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकिएका परिषदमा दर्ता हुनु पर्नेछ ।

२४.**प्रयोगशाला सञ्चालन सम्बन्धी न्युनतम मापदण्ड** : देहायमा उल्लेखित भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा संचालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछ :

क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाइनेछ ।

ख) आकस्मिक सेवा प्रदान गर्न हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षण गर्नुपर्नेछ। आई.सी.यु. सेवा प्रदान गर्ने अस्पतालहरुमा Blood gas Analyzer हुनुपर्ने ।

ग) राष्ट्रिय जनस्वास्थ्य प्रायोगशाला वा अन्य सम्बन्धित निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रण सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

घ) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट पठाइने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ ।

ङ) प्रत्येक कोठामा पर्याप्त प्रकाश र भेन्टिलेशनको व्यवस्था हुनु पर्नेछ ।

च) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ ।

छ) प्रयोगशालाले फोहर ब्यबस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गरेको हुनु पर्नेछ ।

ज) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमूना गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्थापन हुनुपर्ने ।

झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सीलगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनु पर्नेछ ।

ञ) प्रयोगशालामा विशेषज्ञ सेवा प्रदान गर्दा आफूले जुन उपाधि प्राप्त गरेको छ सोही अनुसार मात्र सेवा सञ्चालन गर्न पाउनेछ ।

ट) प्रायोगशाला प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवं परिषद दर्ता नम्वर उल्लेखित स्ट्याम्प वा प्रिन्टको प्रयोग उल्लेख गरेको हुनु पर्नेछ ।

## परिच्छेद- ८

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

२५. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड :

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाका स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुका पालना गर्नुपर्नेछ :

(क) **आयुर्वेद स्वास्थ्य सेवा :**

१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवस्था गर्दा सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएको हुनु पर्नेछ । नेपाल सरकारको वहालवाला कर्मचारी भएमा नेपाल सरकारका पूर्व स्वीकृत लिनुपर्नेछ ।

२) पन्चकर्म सेवा केन्द्रमा सम्बन्धित बिषयमा कम्तिमा बि.ए.एम.एस. वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनआवासन वस्ती र रक्तमोक्षण प्रयोग गर्नुपर्ने र उत्तरवस्तीका लागि सम्बन्धित विशेषज्ञबाट गर्नुपर्ने ।

३) आयुर्वेद अस्पतालमा काम गर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनुपर्ने ।

४) आयुर्वेद अस्पताल जनशक्ति, भौतिक पूर्वाधार, औजार उपकरण र सेवाका गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तार स्वीकृत दिन सकिनेछ ।

५) बिरामीका उपचारका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सा समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रेफर) गर्नुपर्नेछ ।

६) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जि., इ.इजी., प्याथोलोजी, रेडियोलोजी तथा अन्य आवश्यक सेवा सञ्चालन गर्नुपरेमा सम्बन्धित विषयका

जनशक्ति र सो सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण नीति नियमका पालना गर्नुपर्नेछ ।

७) इन्ट्रिग्रेटेड क्लिनिक, नर्सिङ होम वा अस्पताल भनी स्वीकृतका लागि माग भएमा कुन-कुन विषयुक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नुपर्ने ।

८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि काष्ठौषधि, रसौषधिका प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकर्म अन्गार्तका निगरानी स्वेद (जलवायु, सूर्यकिरण, पार्थिव तत्वको प्रयोग) अग्नी स्वेदन अभ्यास message सत्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदि) का माध्यमबाट रोगको रोगथाम वा दीर्घ जीवनका लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पूरा गरी जुनसुकै नाममा सञ्चालन भए तापनि आधार ग्रन्थसहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइनेछ ।

**(ख) आयुर्वेद चिकित्सा अन्तर्गत रहने सेवाहरु :**

चिकित्सा सेवा :

१. रोग उपचार (अन्तर विकार प्रशमन)

- युक्ति व्यापाश्रय चिकित्सा
- संशामन (औषधि चिकित्सा)
- संशोधन (वमनादि पञ्चकम शोधन चिकित्सा)
- दैव व्यापाश्रय
- सत्वावजय
- शस्त्र प्रणिधान
- योगाभ्यास

२. स्वास्थ्य प्रबर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा

- प्राकृतिक विनिश्चय र परामर्श
- स्वस्थवृत पालन ऋतुचर्या, दिनचर्या, रात्रीचर्या, पथ्यापाथ्य, आहार विहार
- रसायन
- वाजिकरण
- पन्चकर्म
- योगाभ्यास

ग) आयुर्वेद अस्पताल तथा नर्सिङहोम सम्बन्धी मापदण्ड तथा पूर्वाधार : विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० हेर्नुहोस् ।

घ) आयुर्वेद पूर्वकर्म पन्चकर्म सेवा केन्द्र सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

ङ) होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा संचालन मापदण्ड : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

च) होमोप्याथी ईमर्जेन्सी सेवा : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

छ) निजीस्तरका होमोयोप्याथिक अस्पतालका पूर्वाधार : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

ज) एक्युप्रेसर : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

झ) एक्युपन्चर सेवा अस्पतालका पूर्वाधार रमापदण्ड : स्वास्थ्य संस्था स्थापना,

सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

ञ) **प्राकृतिक चिकित्सा अस्पतालका पूर्वाधारहरु** : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

## परिच्छेद- ९

**२६. अभिलेख तथा प्रतिवेदन** :

(१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु पालिकाको कार्यालयबाट प्राप्त एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमा आफूले प्रदान गरेको सेवाको प्रतिवेदन पालिकाको कार्यालयबाट प्राप्त एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचामा सम्बन्धित पालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित पालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ ।

(२) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई सम्बन्धित पालिकाको कार्यालयबाट एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम लिने व्यवस्था गराउनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका बिरामीहरुको रोगको विवरण ICD 10 अनुसार coding गरी प्रतिवेदन गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा भएको जन्म तथा मृत्युको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनुपर्ने छ ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेको

notifiable diseases का बिरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्त सम्बन्धित पालिकाको कार्यालयमा सूचना गर्नुपर्ने छ ।

## परिच्छेद- १०

## सञ्चालन अनुमति नवीकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था

**२७. सञ्चालन अनुमति नवीकरण नहुने :**

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नवीकरण गरिने छैन :

- नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा,
- पप्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेखित शर्तहरु पालना नगरेको पाइएमा,
- अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन तथा वार्षिक प्रतिवेदन पेश नगरेमा,
- स्वास्थ्य संस्थाबाट सिर्जित अस्पताल जन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाइएमा,
- मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा घोराही उप-महानगरपालिकाको कार्यालयले दिएको निर्देशनको उल्लंघन गरेमा,
- भवनसंहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएको समयभित्र भुकम्पीय दृष्टिकोणले भवन प्रविलीकरण गरेको नपाइएमा ।

**२८.खारेजी गर्न सकिने :**

क) यो निर्देशिका प्रारम्भ हुनु अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले स्वास्थ्य सञ्चालन गर्न नसक्ने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा अनुमति खारेजी गर्न सकिनेछ ।

ख) गैरकानूनी क्रियाकलाप गरेको पाइएमा सम्बन्धित सेवा निलम्वन वा त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सकिनेछ ।

ग) दफा २७ र २८ मा तोकिएका कार्यहरु उल्लंघन गरेमा ।

## परिच्छेद- ११

## विवध

**२९.सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्था :**

(१) सर्वसाधरणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाका गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्कसम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि घोराही उप-महानगरपालिकाले एउटा सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ र उक्त समितिको सिफारिसको आधारमा सेवा शुल्क निर्धारण हुनेछ ।

२) उपदफा १ को प्रयोजनको लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३०.मापदण्ड तथा अनुसूचीमा हेरफेर :**

यस निर्देशिकामा उल्लेखित मापदण्ड तथा अनुसूची अनुसार हेरफेर र थपघट गर्न सकिनेछ ।

**३१. व्याख्या गर्ने अधिकार :**

यस निर्देशिकामा उल्लेखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा नगरसभाले सो मापदण्डको व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**३२. स्वत: अमान्य हुने :**

यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानूनको कुनै व्यवस्थासंग बाझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

अनुसूची-१

पूर्वाधार, स्थायी एंव स्तरोन्नति स्वीकृतको प्रयोजनको लागि अनुगमन समिति सम्बन्धी व्यवस्था

(दफा २ को खण्ड क सँग सम्बन्धित)

उपमहानगरपालिका स्तरीय

१. मे.सु. ⁄ मेडिकल अधिकृत- संयोजक
२. ल्याव टेक्निसियन रअधिकृत (एक)- सदस्य
३. रेडियोग्राफर ⁄ अधिकृत (एक)- सदस्य
४. पब्लिक हेल्थ नर्स ⁄ अधिकृत (एक)- सदस्य
५. (सव) इञ्जिनियर (सिभिल एक)- सदस्य
६. पालिकाबाट मनोनित विज्ञ एक- सदस्य
७. जनस्वास्थ्य अधिकृत- सदस्य सचिव

पुनश्च : यस कार्यालयमा सबै सदस्यहरु नभएको अवस्थामा जिल्ला स्वास्थ्य ⁄ जनस्वास्थ्य कार्यालय तथा जिल्लामा अवस्थित सरकारी अस्पतालका कर्मचारीहरुबाट सदस्य कायम गरिने छ ।

नोट : समितिले आवश्यकता अनुसार सबन्धित विषयका विशेषज्ञलाई समितिमा समाबेश गर्न सकिने छ ।

अनुसूची- २

भवन सम्बन्धी मापदण्ड

(दफा २ को खण्ड प सँग सम्बन्धित)

काठमाण्डौ उपत्यका बाहिर निर्माण गरिने स्वास्थ्यका हकमा मापदण्ड उल्लेख गरिएका भए सोही अनुसार भएको हकमा देहायका मापदण्ड कायम गर्नु पर्नेछ ।


अधिकतम ग्राउण्ड कभरेज- ४० प्रतिशत

Floor Area Ratio (FAR)- २.५

न्युनतम पार्किङ स्थल- जम्मा जग्गाको २५ प्रतिशत

भवनको सेट ब्याक (Set Back)- कम्तिमा ३ मिटर भवनका चारैतिर

लाइट प्लेन (Light Plane)- ६३.५ डिग्री



## अनुसूची-३

## पूर्वाधार स्वीकृतको मनसाय पत्रका लागि निवेदन फाराम

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

श्री...................................

........................................

........................................

निम्नानुसार प्रस्तावित अस्पतालका सञ्चालन तथा पूर्वाधार स्वीकृतको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेको छु/छौं ।

निवेदन फाराम :

कार्यकारी अधिकृत/सञ्चालन समितिका तर्फबाट

..........................................

१. अस्पतालको नाम : शैया संख्या :

२. साधारण सेवा/विशेषज्ञ सेवा अस्पताल के हो उल्लेख गर्ने :

३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना) :

पालिका : वडा नं. : टोल :

ब्लक नं. : टेलिफोन : मोवाईल नं. :

४. अस्पतालका खोल्न व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारणा गर्नेहरुको मात्र) :

नाम : ठेगाना :

नागरिकता नं. : टेलिफोन : मोवाईल नं. :

५. अस्पतालका लागि आवश्यक जग्गा र स्वामित्व

क) जग्गा कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकार :

ख) लिजमा भए कबुलियतनामा पेश गर्ने :

६. अस्पतालका वित्तीय श्रोत :

क) निजी लगानी (ख) बैक कर्जा (ग) सरकारी (घ) अनुदान सहयोग

ङ) गैरसरकारी संस्थाबाट कर्जा लिई सञ्चालनन गर्ने भए सो को विवरण

च) अन्य

वित्तीय लगानी : स्थीर पूँजी लागत : रु. ..........................

क) भवन तथा जग्गाको लागि रु. ..........................

ख) औजार उपकरणको लागि रु. ..........................

वित्तीय लगानी (चालु पूँजी लागत) रु. ..........................

रोजगारी संख्या :

अनुमाति आम्दानी रु. :

अनुमानित मुनाफा :

मासिक रु. ................त्रैमासिक रु. ...........वार्षक रु..............

७. देहायका विषयहरुमा समेत समावेश भएको व्यवसायिक कार्ययोजना

(क) स्वीकृत संस्थाबाट प्रदान गर्ने सेवाहरुको विवरण

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| ➢ एक्स रे<br>➢ अल्ट्रासाउण्ड<br>➢ इन्डोस्कोपी<br>➢ इसीजी, ट्रेडमिल<br>➢ प्रयोगशाला<br>➢ .................<br>➢ ............. | ➢ खोप<br>➢ गर्भवती सुत्केरी जाँच<br>➢ परिवार नियोजन<br>➢ **Nutrition**<br>➢ **Couselling**<br>➢ .....<br>➢ ..... | • प्रसुती तथा स्त्री रोग<br>• जनरल मेडिसिन<br>• जनरल सर्जिकल<br>• विशेषज्ञ सेवाः प्रसुती सेवा<br>• **Kidney, Nerve, Eye, Ortho,**<br>• **Mental Disease**<br>• ......... |

ख. संस्थामा प्रयोग हुन आवश्यक उपकरणहरुका विवरण संलग्न गर्ने

१. ....................................

२. ....................................

३. ....................................

४. ....................................

ग. संस्थामा सेवा पुऱ्याउनका लिग आवश्यक पर्ने जनशक्तिका विवरण

१. विशेषज्ञ

नाम : पद : योग्यता : पार्टटाइम : फुलटाइम :

२. प्राविधिक :

नाम : पद : योग्यता : पार्टटाइम : फुलटाइम :

३. प्रशासनिक :

नाम : पद : योग्यता : पार्टटाइम : फुलटाइम :

नोट :

१. संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने । सम्बन्धित परिषदका प्रमाणपत्र अनिवार्यरुपमा पेश गर्नुपर्ने ।
२. कर्मचारीहरुका योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्न मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।
३. सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृतपत्र अनिवार्यरुपमा संलग्न हुनुपर्ने ।

   प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुका समेत विवरण खुलाउने ।

## अनुसूची- ४

## स्वास्थ्य संस्थाका स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिने निवेदन फाराम

(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

१. संस्थाको नाम : शैया संख्या :

२. साधारण सेवा/विशेषज्ञ सेवा अस्पताल कुन हो उल्लेख गर्ने :

३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना) :

अञ्चल : प्रदेश : पालिकाः वडा नं. : टोल :

जिल्ला : ब्लक नं. : मोवाईल नं. :

४. अस्पतालका खोल्न व्यक्तिहरु :

नाम : ठेगाना :

नागरिकता नं. : टेलिफोन : मोवाईल नं. :

५. संस्थाका वित्तिय श्रोत :

क) निजी

ख) शेयर कर्जा :

ग) सरकारी :

घ) गैरसरकारी संस्थाबाट कर्जा लिई संचालन गर्ने भए सो को विवरण

वित्तिय लगानी : लागत रु. ..................................................

क) भवन तथा जग्गाको लागि रु. .........................औजार उपकरण :

जनशक्ति :

अनुमानित आम्दानी : स्वदेशी : बिदेशी :

अञ्चल सम्पत्तिका श्रोत :

अनुमानित मुनाफा : मासिक रु. त्रैमासिक रू.

वार्षिक रू :

६) नर्सिङ होम तथा निजी अस्पतालका वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण कुन-कुन सेवा पुऱ्याउने हो ?

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य सेवा |
|---|---|---|---|
| एक्स रे | खोप | प्रसूती तथा स्त्री रोग | एमसिएच |
| प्याथोलोजी ल्याव | आहार विहार | जनरल मेडिसिन | क्लिनिक |
| अल्ट्रासाउण्ड | | जनरल सर्जिकल | परिवार |
| ईसिजी, ट्रेडमील | | विशेषज्ञ सेवा : जस्तै | नियोजन सेवा |
| प्रयोगशाला | | (प्रसूती सेवा, मृगौला | |
| | | इण्डोस्कोपी, स्नायू, दन्त) | |

७) संस्थामा प्रयोग हुन आवश्यक उपकरणहरुका विवरण तथा श्रोत :

क) ...............................

ख) ...............................

ग) ...............................

घ) ...............................

ङ) ...............................

च) ...............................

छ) ...............................

८) संस्थामा सेवा पुऱ्याउन कर्मचारीहरुका विवरण सम्बन्धित मापदण्ड अनुसार

१. विशेषज्ञ

नाम : पद : योग्यता : पार्टटाइम : फुलटाइम :

२. प्राविधिक :

नाम : पद : योग्यता : पार्टटाइम : फुलटाइम :

३. प्रशासनिक :

नाम : पद : योग्यता : पार्टटाइम : फुलटाइम :

नोट :

१. सम्बन्धित सेवाअनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भएपश्चात मात्र सेवा सञ्चालन गर्न पाइनेछ ।

२. उपर्युक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा संलग्न हुने हो, स्पष्ट

उल्लेख गर्ने ।

३. सबै शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

४. संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने । सम्बन्धित परिषदका प्रमाणपत्र अनिवार्यरुपमा पेश गर्नुपर्ने ।

५. कर्मचारीहरुका योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्न मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

६. सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृतपत्र अनिवार्यरुपमा संलग्न हुनुपर्ने ।

७. प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुका समेत विवरण खुलाउने ।

नोट : स्वास्थ्य सस्था सञ्चालनका लागि निवेदन दिंदा संलग्न गर्नुपर्ने कागजातहरु

१. निवेदन फाराम
२. कम्पनी दर्ता ⁄ संस्था दर्ताको प्रमाणित प्रतिलिपि
३. संस्था ⁄ कम्पनी विधान ⁄ प्रबन्ध पत्र, नियमावलीको प्रतिलिपि
४. स्थायी लेखाको दर्ता ⁄ संस्था दर्ताको प्रमाणित प्रतिलिपि
५. स्थापना गर्न लागिएका ठाउँमा अस्पताल आवश्यक छ भने सम्बन्धित वडाको सिफारिस पत्र
६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

i. बायोडाटा
ii. शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि
iii. प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलका दर्ता प्रमाणपत्रको प्रतिलिपि
iv. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
v. जनशक्तिहरुका काम गर्न समय (पार्ट टाइम, फुल टाइम किटान गर्नुपर्ने)
vi. मन्जुरीनामा ⁄ कबुलियतनामा

७. औजार उपकरणको विवरण तथा श्रोत

८. सम्पूर्ण सेवा शुल्क विवरण

९. भौतिक सामग्रीको विवरण

१०. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृत पत्रका प्रतिलिपि

११. अस्पतालको विस्तृत सर्वेक्षण सहितको प्रस्ताव

१२. अस्पतालको आर्थिक नियमावली

१३. अस्पतालले लिने सेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति

१४. प्रदान गरिने सेवाको विवरण

१५. जग्गा/घरको स्वामित्व

१६. घर/कोठा बहाला लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौता पत्र र भवन स्वस्थ्य संस्था सञ्चालन गर्न राष्ट्रिय भवनसंहिता बमोजिम उपुक्त छ भने सम्बन्धित सिफारिस पत्र

१७. भवनको स्वीकृत नक्सा

१८. संस्थाका चल-अचल सम्पत्ति विवरण तथा वित्तीय श्रोत

१९. संस्थाका कार्य योजना (Scheme)

२०. PAN मा दर्ता नम्बर

२१. कर चुक्ता प्रमाणपत्र (लागु हुने अवस्था मात्रै)

२२. लेखा परीक्षण प्रतिवेदन (लागु हुने अवस्था मात्रै)

२३. बिरामी वडापत्रका नमूना

२४. सम्बन्धित निकायका भवनसंहिता सम्बन्धित स्वीकृत पत्र

२५. रु. ५ को हुलाक टिकट

२६. मूल्य अभिवृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाणपत्र

२७. भवन निर्माण सम्पन्न प्रमाणपत्र

२८. सम्बन्धित निकायबाट भवनका नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन सहिताका मापदण्ड बमोजिम भएका स्वीकृत पत्र ।

## अनुसूची- ५

## स्वास्थ्य क्लिनिक/रेडियो इमेजिङ सेवा/पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने निवेदन फाराम फाराम

(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

१. संस्थाको नाम : शैया संख्या :

२. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना) :

अञ्चल : वडा नं. : टोल :

जिल्ला : ब्लक नं. : मोवाईल नं. :

३. अस्पतालका खोल्न व्यक्तिहरु :

नाम : ठेगाना :

नागरिकता नं. : टेलिफोन : मोवाईल नं. :

४. संस्थाका वित्तीय श्रोत :

क) निजी : (ख) शेयर कर्जा : (ग) वैदेशिक :

घ) गैरसरकारी (ङ) सामुदायिक : (च) अन्य :

५. संस्थाका क्षमता तथा बिस्तृत कार्य योजना :

क) सेवा प्रदान गर्ने क्षेत्रहरु

| | | |
|---|---|---|
| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
| एक्स रे | खोप | प्रसूती तथा स्त्री रोग |
| इण्डोस्कोपी | एम.सी.एच. | जनरल मेडिसिन |
| इसिजि, ट्रेडमील | परिवार नियोजन | जनरल सर्जिकल |
| प्रयोगशाला | सेवा | विशेषज्ञ सेवा : आँखा,नाक, |
| अन्य सेवा : फार्मेसी | | मुटु, मृगौला, इस्नायु रोग आदि |

६. सेवा शुल्क अलग र स्पष्ट खुलाउने :

७. संस्थामा सेवा हुन लागेको आवश्यक उपकरणहरुका विवरण तथा श्रोत :

८. संस्थामा सेवा पुऱ्याउन जनशक्ति बिवरण :

संख्या/योग्यता/अनुभव/पार्टटाइम/फुलटाइम/अन्य सुविधा :

समान्य चिकित्सक : विशेषज्ञ चिकित्सक : अन्य प्राविधिक :

नोट :

१. सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भएपश्चात मात्र सेवा सञ्चालन गर्न पाइनेछ ।

२. उपर्युक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख गर्ने ।

३. सबै शुल्क विवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

४. संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने । सम्बन्धित परिषदका प्रमाणपत्र अनिवार्यरुपमा पेश गर्नुपर्ने ।

५. कर्मचारीहरुका योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्न मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

६. सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृतपत्र अनिवार्यरुपमा संलग्न हुनुपर्ने ।

# अनुसूची- ६

## स्वास्थ्य संस्था स्थापना तथा नवीकरण अनुमति दस्तुर

(दफा ८ र ९ को उपदफा (२) सँग सम्बन्धित)

| सिनं | संस्थाका किसिम | शुल्क निर्धारण | स्थापनाका लागि दस्तुर रकम | नविकरणका लागि दस्तुर रकम |
|---|---|---|---|---|
| १ | अस्पताल तथा नर्सीङ होम | शैया संख्या | प्रति शैया रु ४०००।- | प्रति शैया रु ५००।- |
| Æ | डाइग्नवस्टिक सेन्टर | सेवाप्रकारः (प्रयोगशाला,रेडियोईमेजि- एक्सरे सि.टी. स्क्यान, अल्ट्रासाउन्ड,एम.आर.आई, ई.सि.जि., ई.को.) | प्रति सेवा रु १०,०००।- | प्रति सेवा रु १,०००।- |
| Ø | पोलिक्लिनिक/ क्लिनिक | सेवा प्रकारः (आकष्मिक सेवा,बहिरंग सेवा, निदानात्मक सेवा, शघन उपचार सेवा, प.नि. सेवा, खोप सेवा, बिशेषज्ञ सेवा फार्मेसी सेवा ,रक्त संचार सेवा, फिजियोथेरापी सेवा, शव गृह सेवा ) | प्रति सेवा रु १०,०००।- | प्रति सेवा रु १,०००।- |
| ∞ | आयुर्वेद अस्पतालका /वैकल्पिक चिकित्सा | शैया संख्या | प्रति शैया रु २०० | प्रति शैया रु ५००।- |
| ± | आयुर्वेद क्लिनिक | सेवा प्रकारः (रोग निबारण, औषधि काष्ठौधी, रसौषधीका, पुर्बकर्म अन्नगतका निगरानि स्वेद -जलबायु सुर्यकिरण पार्थिब तत्वको प्रयोग) | प्रति सेवा रु ५,०० | प्रति सेवा रु ५००।- |

नोट : नेपाल सरकारले तोकेका दुर्गम क्षेत्रमा स्वास्थ्य संस्था स्थापना वा बिस्तार गरेमा नेपाल राजपत्रमा सूचना प्रकाशित नगरी माथि उल्लेखित दस्तुरमा क वर्गका लागि पचहत्तर प्रतिशत, ख बर्गका लागि पचास प्रतिशत र ग बर्गका लागि पच्चीस प्रतिशत छुट दिइनेछ ।

## अनुसूची- ७

## स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको बिरामी वडापत्रको ढाँचा

(दफा १५ को उपदफा (१) को बुँदा ट सँग सम्बन्धित)

| सिनं | शाखा | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची- ८

## स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाका लागि चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरणको ढाँचा

(दफा १५ को उपदफा (१) को बुँदा ट सँग सम्बन्धित)

मिति :

| सिनं | स्वास्थ्यकर्मीको नाम | पद | समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-९

स्वास्थ्य संस्था स्थापना तथा नविकरण अनुमति प्रमाण पत्र

(दफा ३ को उपदफा क, ख सँग सम्बन्धित)

घोराही उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

घोराही दाङ

## ईजाजत रजिष्टर

दर्ता नं. .............

| मिति | संस्थाको नाम | ठेगाना | संस्थाको किसिम | सेवाको प्रकार | प्रबन्धकको नाम | नवीकरण अवधि | नवीकरण दस्तुर, भौचर नं., मिति र अन्य कागजात | नवीकरण गर्ने अधिकारीको नाम र दस्तखत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची- १०

स्वास्थ्य संस्था स्थापना तथा नविकरण अनुमति प्रमाणपत्र

(दफा ३ को  उपदफा क, ख सँग सम्बन्धित)

घोराही उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

घोराही दाङ

ईजाजत पत्र संख्या नं. :        ईजाजत प्रमाणपत्र मिति :

घोराही उप-महानगरपालिका कार्यपालिकाको मिति...................निर्णय अनुसारस्वास्थ्य संस्था स्थापना तथा नविकरण अनुमतिको दफा ३ को उप दफा क/ख बमोजिम घोराही उप-महानगरपालिका.......नं. वडा........टोलमा रहेको........................नाम रहेको स्वास्थ्य संस्थालाई तपसिल बमोजिमको सेवा संचालन गर्न अनुमति प्रदान गरिएको छ ।

तपसिल

इजाजत प्रमाण पत्र दिनेको

१. संस्थाको किसिम :

२. सेवाको प्रकार :

दस्तखत :

नाम :

पद :

मिति :

आज्ञाले,

**ऋषिराम के.सी.**

प्रमुख प्रशासकीय अधिकृत